# चितवनको पर्यटनमा नयाँ प्रोडक्ट



सुमन घिमिरे
पर्यटन व्यवसायी

चितवन नेपालको प्रमुख तीन पर्यटकीय गन्तव्य मध्यको एक हो। चितवन भन्ने बित्तिकै हामी सबैको मुखमा चितवन राष्ट्रिय निकुञ्जको नाम आऊँछ। तर बदलिदो समयमा सफारी पर्यटनलाई मुख्य आकर्षण बनाएको चितवनले विस्तारै नयाँ प्रडक्ट तिर ध्यान दिएको छ। लगानीकर्ताहरू नयाँ सोच र शिल्प लिएर नयाँ पर्यटकिय गतिविधि थप्ने क्रममा छन। चितवनको कुरा गर्दा हामीले सौराहालाई विर्सन सकिन्न। धेरैको मनमा चितवन भन्ने बित्तिकै सौराहा आउँछ। सौराहामै पर्यटकका लागि ठोस नयाँ प्रडक्ट सुरू नभए पनि नयाँ कार्यक्रमका विषयमा छलफल भने चलिरहेको छ। यहाँ रात्रिकालिन जीप सफारी, गल्फ कोर्ष, वाटर फन पार्क र सभा हल निर्माणका लागि कुराहरू चलिरहेका छन्। चितवन आउने कुल पर्यटकको ८० प्रतिशत हिस्सा सौराहाले राख्दछ अनि सौराहाले थप पर्यटकलाई आकर्षित गर्न यि र यस्तै नयाँ पर्यटकिय प्रडक्ट ल्याउन जरूरी छ। र, सफारी पर्यटनले चिनिएको अहिलेको वर्तमान अवस्थामा सौराहा आउने पर्यटकको बसाई लम्बाउनको निम्ति नयाँ प्रडक्ट जरूरी छ। सौराहालाई केन्द्रविन्दु बनाएर चितवनका धेरै स्थानमा पर्यटनलाई विस्तार गर्न पनि सकिन्छ। नेपाल भ्रमण वर्ष २०२० को अवसरमा चितवनको पर्यटनमा निम्न गतिविधिहरू थप हुन लागेका छन् र यिनीहरूको भविष्य पर्यटन क्षेत्रमा उज्जवल छ।

### नारायणी नदीमा क्रुज शिप

पानीजहाजको कल्पनाले साकार रूप लिन लागेको भरतपुर महानगरपालिका वडा न १६ ज्ञानेश्वर सामुदायिक वनको काप्रेघाटमा निर्माण भईरहेको पानी जहाजले चितवनको पर्यटनमा थप टेवा प्रदान गर्ने छ। नारायणी नदी माथि हुने यो यात्राले देवघाट देखि गोलाघाट सम्मको यात्रा तय गर्ने योजना छ। दुबई, थाइल्याण्ड जस्ता देशमा यस्ता पानी जहाजमा डीनर क्रुज सन्चालन हुने गर्दछन् र यहाँ सन्चालन हुने यो क्रुजले यि र यस्तै नविनतम कार्यक्रम ल्याउनेनै छन्। समुद्र नभएको हाम्रो मुलुकमा यो मिनी पानी जहाज सबैको लागि आकर्षणको केन्द्रविन्दु बन्ने छ र चितवनमा यसकै कारण थप पर्यटक भित्रने छ।

### जीप लाईन

आँपटारी जलदेवी सामुदायिक वनले सुरू गरेको जीप लाईन सेवा चितवनको पर्यटन क्षेत्रमा पहिलो जीप लाईन सेवा हो। मुग्लीन नारायणघाट सडक खण्डमा अवस्थित यो जीप लाईन सेवा चितवन लगायत, आँपटारी भएर अन्य जिल्ला जाने पर्यटकहरूको लागि पनि पायक पर्दछ। साहसिक पर्यटनमा रूची हुनेहरूको लागि यो खेल पहिलो रोजाईमा पर्दछ। विभिन्न रूट भएको यो जीपलाईनमा लामो तथा छोटो यात्रा गर्न सकिनेछ। साना बालबालिकाको निम्ती ३५ मिटर जीपलाईन पनि सन्चालनमा छ। राम्रो प्रचारप्रसार गर्न सके यो जीप लाईन चितवन आउने पर्यटकहरूको लागि आकर्षणको केन्द्रविन्दु बन्न सक्ने छ।

### राईनो पार्क

मेघौलीमा निर्माणको निम्ति शिलान्यास भईसकेको राईनो पार्क अबको तीन वर्षमा निर्माण हुने लक्ष्य लिईएको छ। विशाल गैंडाको मुर्ति सामुदायिक वनमा बन्ने छ। मूर्तिको उचाई ३० फिट र चौडाई ४० फिटको हुनेछ। त्यो गैंडको आकृति भित्र पर्यटन सुचना केन्द्र, म्युजियम, भ्यू टावर लगायत हुनेछन्। यसको टावरमा बसेर घाँसे मैदानमा गैंडा चरिरहेका दृश्य देख्दा कसको मन नरमाउला र? यो राईनो पार्कको निर्माण पछि यसकै कारण पनि चितवनमा थप पर्यटन वृद्यि हुने छ र विशेषत मेघौली क्षेत्रमा आरालो लागेको पर्यटनलाई यसले उकास्ने छ।

### अम्ब्रेला स्ट्रिट

नेपाल भ्रमण वर्ष २०२० को अवसरमा सुरूवात गर्ने

लक्ष्य लिएर भरतपुर महानगरपालिका वाड न २२को पटिहानीको राप्ती तटमा अम्ब्रेला स्ट्रिट निर्माण भईरहेको छ। यहाँ आउने पर्यटकहरूले अति सुन्दर तरिकाले निर्मित यो स्ट्रिटबाट सूर्यास्त हेर्न पाउने छने । सडकमा छाताहरूको निर्माण हुने भएकोले यसलाई अम्ब्रला स्ट्रिट भनिएको हो । राप्ती नदीमा सूर्यास्त अवलोकन एकदमै लोभलाग्दो हुन्छ । सूर्यास्त अवला यो सडकबाट चितवन राष्ट्रिय निकुञ्जलाई नजिकबाट र सँगसँगै गैंडा, गोही लगायतका जनवारहरू पनि देख्न सकिन्छ। ४५० वटा ठूला छाता र ३०० वटा कुर्सी रहने यो स्ट्रिटमा पर्यटकको थप मनोरन्जनका लागि फाउन्टेन, पार्क र रेष्टुरेण्टको पनि निर्माण हुने छ।

### सेभेन प्वाईन्ट टुर

हरेक देशमा त्यहाँका टुर अपरेटरले पर्यटकिय स्थान घुमाउनको निम्ति विभिन्न प्याकेज निर्माण गरेका हुन्छन् । यो विशेषत सिटी टुरको लागि गरिन्छ। निकुञ्ज बाहेक यहाँ पनि विभिन्न आकर्षक स्थानहरू छन्। विश्व पर्यटन दिवसको अवसर पारेर सौराहाका व्यवसायीहरूले सेभेन प्वाईन्ट टुरको अवधारण ल्याएका छन् । चितवन मुख्य रूपमा निकुञ्ज घुम्न पर्यटक आउँछन् । निकुञ्जमा पाइने दुर्लभ एक सिङ्गे गैंडा, बाघ, भालु, गोही लगायतका जनावरले पर्यटकलाई आकर्षित गर्ने गरेको छ। थारू संस्कृतिमा पनि पर्यटक रमाउने गर्छन् । अहिले सुरू भएको सेभेन प्वाईन्ट टुरमा यहाँका सात गन्तव्यमा पर्यटकलाई घुमाउन लगिनेछ । सौराहाको प्रकृति संरक्षण कोषको सङ्ग्रहालय, बच्छौलीको थारू सङ्ग्रहालय, चित्रसेनमा रहेको चित्रसेनबाबा मन्दिर र धर्मधाम रहेका छन् । राष्ट्रिय प्रकृति संरक्षण कोषको सङ्ग्रहालयमा मरेका वन्यजन्तुको अस्थिपञ्जर छन् । थारू सङ्ग्रहालयमा थारू जातिको संस्कार झल्कने वस्तु देख्न सकिन्छ। सौराहा प्रवेशद्वारको चित्रसेन बाबाको मन्दिर पौराणिक मन्दिर हो । देवघाट धाम, नारायणी नदी तट र तीनखोले गुम्बा नयाँ गन्तव्य हुन् । अर्को गन्तव्य नारायणी नदी तट नारायणगढ बजारसँगै अवस्थित छ । सो क्षेत्रमा विभिन्न मठमन्दिर र खुला चौर छ । तीन खोले गुम्बा बुद्ध धर्मावलम्बीको महत्वपूर्ण आस्थाको केन्द्र हो । सेभेन प्वाईन्टलाई अहिले निकै प्रख्यात भएको शाश्वतधामसँग पनि जोड्न सकिन्छ ।

### रात्रीकालिन जीप सफारी

अफ्रिकी मुलकमा निकैनै मन पराईएको रात्रीकालिन जीप सफारी चितवनमा कसरी जोड्न सकिन्छ भनेर व्यवसायीहरू लागि परेका छन्। निकुञ्ज भित्र भन्दा पनि वराण्डाभार क्षेत्रमा यसको परिक्षण गरिसकिएको छ। रातमा जंगल छेउछाउ जीप मार्फत घुम्न निकैनै रमाईलो हुन्छ। यो सफारीलाई व्यवस्थित गरेर सन्चालन गर्न सकें चितवनमा थप सफारी पर्यटक बढ्ने छन् । रात्रीकालिन जीप सफारीलाई सन्चालन गर्नको निम्ति केही समय अगाडी सौराहा देखि लोथर सम्मको परिक्षण सफारी गरिसकिएको छ।

### हात्तीसँग हिड्ने

टाईगर टप्स जंगल लजले केहि वर्ष देखि हात्ती सफारी वन्द गरी नयाँ कार्यक्रम जोडेको छ , त्यो हो हात्तीसँग हिड्ने। अँग्रेजीमा यसलाई वाक विथ एलिफेन्ट भनेर चिनिन्छ। यसलाई अनुसरण गर्दै अहिले सौराहाका केही व्यवसायीहरूले यो कार्यक्रमलाई परिमार्जित गर्दै बुश वाकको नाम दिएका छन्। हात्ती चढ्न मन नपराउनेहरूले यो कार्यक्रमलाई निकै रोचक मानेका छन । पशुअधिकार खोज्नेहरूले यो कार्यक्रमलाई मन पराएको र चितवन आउँदा हात्ती सफारी मात्र होईन , हात्तीसँग पनि हिड्न पाईन्छ भन्दा यहाँ पर्यटन थप वृद्यि हुने आशा छ।

चितवन क्षेत्रमा सफारी पर्यटन सुरू भएको आज चार दशक भईसकेको छ। यो चार दशकको अवधिमा संख्यात्मक हिसाबमा हामीले आ आफ्नो व्यवसाय वृद्यि ग्रयौं तर नयाँ प्रडक्टको बारेमा खासै ध्यान दिएनौं । अहिले आएर नयाँ प्रडक्टको बारेमा चिन्तन गर्न थालिएको छ। नयाँ सोच भएका युवाहरूको जमातले चितवनको पर्यटनमा कायापलट ल्याउने छन्। प्रडक्ट सँगसँगै यसको बजारिकरण पनि उत्तिकै महत्वपूर्ण छ । चितवनको पर्यटनको भविष्यलाई सुनिश्चित गर्ने हो भने निकुञ्ज भित्र गरिने सफारी गतिविधिमा सुधार, विस्तार अनि यसको संरक्षणमा हामी लाग्नु पर्दछ । हामीले चितवनको पर्यटनको कुरा गर्दा सफारी पर्यटनलाई सधैं आत्मसाथ गर्न पर्दछ। जय पर्यटन !